# क्याफ्स कर्णाली परियोजना

## CAFS-Karnali Project

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

ADAPTATION FUND

WFP

मासिक बुलेटिन

बर्ष २, अंक ३, असार, २०७७


## जुम्लाको घोडेसिममा सिचाँई कुलो बनेपछि नियमित धानखेती

जुम्ला जिल्लाको तिला गाउँपालिका ७ स्थित घोडेसिम गाउँमा पक्की सिँचाइ कुलो निर्माण भएपछि मार्सी धानखेती नियमित रुपमा हुन थालेको छ । परम्परागत सिँचाइ कुलोमा चुहावटको समस्या भएपछि केही वर्षदेखि धानखेतीको सट्टा मकै, सिमि, आलु, कोदो र तरकारी लगाउने गरिएको थियो। तर यो बर्षदेखि नियमित रुपमा धानखेती गर्न थालेको स्थानीय गोर्खबहादुर रोकाया बताउनु हुन्छ । उनले भने, 'पहिलेको कच्ची कुलोमा पानी छिरेर खेतसम्म पुग्न कठिन हुन्थ्यो। रातभर जाग्रम बसेर सिँचाइ गर्नु पर्थ्यो । जसले गाउँ नै जोखिममा थियो । सिँचाइ अभावमा आकासे भरमा अन्य खेती हुदै आएको थियो ।' अहिले पक्की कुलो निर्माण भएपछि स्थानीयले धानखेतीलाई निरन्तरता दिएका हुन् । उनीहरुले अब नियमित रुपमा मार्सीधान उत्पादन गर्न सकिने भन्दै खुसी व्यक्त गरेका छन् । गोर्खबहादुर भन्छन्, 'सिँचाइले धानखेती गर्न पाउँदा स्थानीय हर्षित छौं । मुहानदेखि खेतसम्म कतै पनि चुहावट नभएर पानी पुग्न थालेपछि सिँचाइ अभाव खेप्नु परिरहेको छैन्।' क्याफ्स-कर्णाली परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा करिब ९०० मिटर पक्की कुलो बनेपछि ९ हेक्टर जग्गामा धान खेती भइरहेको छ।

घोडेसिम गाउँका ८६ घरधुरीले धान खेती थालेका हुन्। अर्का स्थानीय केशव रोकाया सिचाइँ नहुँदा रोकिएको धानखेतीले नियमितता पाउँदा खुसी भएको बताउनु भएको छ। उनले भने, 'त्यो क्षेत्रमा मार्सीधान रोपिएको छ। स्थानीय महिलाले निकै खुसी महसुस गरेर धान रोपेका छन्। सिँचाइ कुलो गाउँमाथि भएको र पानी चुहावट हुने भएकोले पहिले गाउँमा पहिरोको जोखिम थियो । अहिले पक्की कुलो निर्माणपछि पहिरोको जोखिम कम भइ वातावरणको पनि संरक्षण भएको छ, लोप हुन थालेको धानखेती पनि लगाउन थालिएको छ । कुल ४१,७९,८७० रुपैयाँ बराबरको लागत रहेको उक्त कुलोको निर्माणमा स्थानीय उपभोक्ताहरुले ४,४०,३९१ रुपैयाँ बराबरको श्रमदान गरेका थिए। आयोजनाको साझेदार संस्था पेस नेपालका अध्यक्ष किशोर न्यौपाने स्थानीय सरकारसँगको समन्वयमा स्थानीयको माग र आवश्यकताका आधारमा कुलो निर्माण भएकोले गुणस्तरीय काम भएको बताउनु हुन्छ। उनले भने, 'सिँचाइ कुलोले परिर्वतीत जलवायुसँग जुध्न निकै ठूलो सहयोग पुऱ्याएको छ । यो कुलोबाटै गाउँमा बिजुली उत्पादन भइ बत्ती समेत बालिएको छ । पक्की कुलोले सहजै रुपमा सिँचाइ भएर धानखेती शुरु भएको छ। गाउँ पहिरोको जोखिमबाट बचेको छ। गाउँ नै उज्यालो बनाउने काम पनि गरेको छ, उनले भने, 'अहिले खुसी मानेर किसानले धान रोपेका छन्।'

यस गाउँपालिकाको अनुगमन समितिले समेत पक्की कुलो पालिका भित्रको नमूना भएको जनाएको छ। अनुगमन समितिका संयोजक विष्णु बुढाले कुलो निर्माण निकै मेहनतका साथ भएको बताउनु भयो । उनले भनिन्, 'यो कुलो आगामी दिनमा पालिका स्तरमा हुने सिँचाइ कुलो निर्माणमा गुणस्तर कायम गर्न नमूनाको रुपमा प्रयोग गर्न सकिने स्तरको छ । कुलो निर्माणमा स्थानीयको मेहनत, दाताको लगानी र प्राविधिकको रेखदेख निकै अतुलनीय छ।

> **क्याफ्स कर्णाली परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा करिब ९०० मिटर पक्की कुलो बनेपछि ९ हेक्टर जग्गामा धान खेती भइरहेको छ।**



जुम्ला तिला गाउँपालिकाको घोडेसिममा सिँचाइ कुलो निर्माण गर्नुपूर्व



जुम्ला तिला गाउँपालिकाको घोडेसिममा सिँचाइ कुलो निर्माणाधिन चरणमा



जुम्ला तिला गाउँपालिकाको घोडेसिममा सम्पन्न अवस्थामा भित्रखोला सिँचाइ कुलो साथै सिंचित हुने क्षेत्र ।

### कालिकोटमा निर्माणाधिन रस्टिक स्टोर अन्तिम चरणमा

कालिकोट जिल्लाको पचालझरना गाउँपालिकामा यस आर्थिक बर्ष २०७६/७७ मा निर्माणाधिन रस्टिक स्टोर अन्तिम अवस्थामा पुगेको छ। यो आयोजनाले उत्पादन भएको आलुलाई उचित भण्डारण गर्दै त्यसको गुणस्तरलाई कायम राख्न मद्दत पुग्नेछ। विद्युतको उपलब्धता नहुँदा पनि संचालन गर्न सकिने रस्टिक स्टोर स्थानीय प्रविधिको प्रयोग गरी कम लागतमा निर्माण गरिएको छ। खार्दुमा कुल ६ हेक्टर क्षेत्रफल जमीनमा वार्षिक ४० टन आलु उत्पादन भइरहेको छ। उचित भण्डारणको सुविधा नभएको र किसानहरुले आफ्नो उत्पादन कम मुल्यमा बिक्री गर्दै आएका हुनाले गाउँपालिकाले यस आयोजनालाई प्राथमिकतामा राखेको थियो। किसानहरुले आफ्नो उत्पादनलाई भण्डारण गरी बेमौसममा बिक्री गरेर आफ्नो वस्तु/मेहनतको उचित मुल्य पाउनमा सहयोग गर्नुका साथै उत्पादन वृद्धिमा थप टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।






कालिकोटमा निर्माणाधिन रस्टिक स्टोर



मुगुको खत्याडमा स्थापना गरिएको ढिकी



जुम्लाको तातोपानी गा.पा.मा निर्माण गरिएको घट्टेखोला सिँचाई कुलो

## २०७७ असार महिनामा सम्पन्न मुख्य क्रियाकलापहरु

- यसै महिनामा सम्पन्न भएका क्रियाकलापहरु : जुम्लाको घोडेसिममा भित्रखोला पानी बहुउपयोगी सिचांई प्रणाली, मुगुमा ५० घरधुरीलाई सुधारिएको चुलो वितरण, १८ वटा पानी सकंलन पोखरी निर्माण
- निर्माणाधिन अवस्थामा रहेका क्रियाकलापहरु : जुम्लामा घट्टेखोला बहुउपयोगी पानी सिचांई प्रणाली, भूक्षय नियन्त्रण, कालिकोटमा रस्टिक स्टोर निर्माण, मुगुमा नेरा गाउँ सिँचाइ, काँडाकुलो सिँचाइ, खमालेको भूक्षय नियन्त्रण
- यसै महिनामा शुरु भएका क्रियाकलापहरु : सोलार बत्ति सहितको सामुदायिक सेवा भवन, कालिकोटमा एक पोखरी, जुम्लामा पोखरी निर्माणका लागि सर्भे, डिजाईन, स्टिमेट सम्पन्न भई शुरु हुने अवस्थामा रहेको, तीन रस्टिक स्टोर
- नगदमा आधारित भौतिक पूर्वाधार निर्माणका कार्यबापतको रकम रु. २,१३,६०,००० कूल १९१२ घरधुरी (२३ प्रतिशत महिला) लाई बैंक खाता मार्फत हस्तान्तरण गरिएको छ।